# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, फाल्गुन ७ गते २०३० साल [संख्या ४४

श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले दाङ घोराही मुख्य हुलाकको भवन निर्माणको लागि राप्ती अञ्चल, दाङ देउखुरी जिल्ला, घोराही गा.पं. अन्तर्गत वार्ड नं. २ को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यसै ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

१. पूर्व कि.नं. २९१ को जग्गा, पश्चिम सडक, उत्तर कि.नं. २८७ को जग्गा, दक्षिण कि.नं. २८९ को जग्गा यति ४ चार किल्लाभित्रको जम्मा मालपोत रू. ४।०७ (चार रूपैयाँ सात पैसा) लाग्ने कि.नं. २८८ को जग्गा बिगहा ०–१–१७ (एक कट्ठा सत्र धुर)को कित्ता एक – – – – – – – – – – – – – – – – – – १

२. पूर्व कि.नं. २९१ को जग्गा, पश्चिम सडक, उत्तर कि.नं. २८८ को जग्गा, दक्षिण कि.नं. २९२ को जग्गा यति ४ चार किल्लाभित्रको जम्मा मालपोत रू. २३।२१ (तेईस रूपैयाँ एक्काईस पैसा) लाग्ने कि.नं. २८९ को जग्गा बिगहा ०–१०–११ (दश कट्ठा एघार धुर)को कित्ता एक – – – – – – – – – – – – – – – १

आज्ञाले–
तीर्थराज तुलाधर
श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६१४